# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) हेटौंडा, नेपाल, चैत ०९ गते, २०७८ साल (अतिरिक्ताङ्क २५


## भाग ४

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपालको

## सूचना

बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्ले संवत् २०७९ साल वैशाख १ गतेदेखि चैत मसान्तसम्म (नेपाल सरकारले घोषणा गरेको सार्वजनिक बिदा बाहेक) सम्बन्धित धर्म, संस्कृति, भौगोलिक क्षेत्र र स्थान विशेषका लागि देहाय बमोजिमको सार्वजनिक बिदा दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

(१) चण्डी पूर्णिमा तथा उभौली पर्व - जेठ २ गते सोमबार (बागमती प्रदेशभरका थामी समुदायका लागि मात्र)।

(२) न्वागी (छोनाम) पर्व - भदौ २२ गते बुधबार (चेपाङ समुदायले मनाउने पर्व बागमती प्रदेशका चितवन, मकवानपुर र धादिङ जिल्ला भर) ।

(३) लदी पर्व - फागुन १६ गते मङ्गलबार (फागुन महिनाको तेस्रो मङ्गलबार बागमती प्रदेश भरका माझी समुदायका लागि मात्र)।

**आज्ञाले,**
**नारन प्रसाद पोखरेल**
**प्रदेश सरकारको निमित्त सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु. ५।-